बागमती प्रदेश सभा

दोस्रो कार्यकाल

छैठौं अधिवेशन

बैठक संख्या: १०

सूचना पत्र -२

(बैठकको कारवाही संक्षिप्त विवरण)

२०८२ जेष्ठ २१ गते,बुधबार

बागमती प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा दिनको १२:३४ बजे प्रारम्भ भयो।

त्यसपछि माननीय सभामुखले आजको बैठकमा शुन्य र विशेष समय नरहने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ वार्षिक नीति तथा कार्यक्रम माथिको बाँकि छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो:-

१. माननीय आनन्द कुमार श्रेष्ठ
२. माननीय मधुसुदन पौडेल
३. माननीय मसिना खड्का
४. माननीय रामप्रसाद ढुङ्गाना
५. माननीय नुरज वज्राचार्य
६. माननीय मातृका प्रसाद भट्टराई
७. माननीय यमुना देवी श्रेष्ठ
८. माननीय डम्बर तामाङ्ग
९. माननीय प्रभात तामाङ
१०. माननीय सरल सहयात्री पौडेल
११. माननीय मिना पराजुली पोखेल
१२. माननीय एकलाल श्रेष्ठ
१३. माननीय आशा लामा
१४. माननीय उर्मिला कुमारी लामा
१५. माननीय कुमारी तामाङ
१६. माननीय रामकुमार पहाडी
१७. माननीय कुमारी मोक्तान
१८. माननीय ठुला थामी
१९. माननीय बालकुमारी विश्वकर्मा
२०. माननीय प्रेम बहादुर पुलामी
२१. माननीय रुकु चौलागाई
२२. माननीय भुवन केशरी श्रेष्ठ
२३. माननीय युवराज चौलागाई
२४. माननीय याङकिला शेर्पा
२५. माननीय ईश्वर सापकोटा
२६. माननीय रत्न प्रसाद ढकाल
२७. माननीय गोविन्द लम्साल

तत्पश्चात बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रममा संशोधन कर्ता निम्नलिखित माननीय सदस्यहरूले आफ्नो संशोधन प्रस्ताव प्रस्तुतगर्नु भयो ।

१. माननीय अमृता नेपाल, माननीय उर्मिला कुमारी लामा, माननीय रुकु चौलागाई, माननीय भुवन केशरी श्रेष्ठ र माननीय शुष्पा भुजेल न्यौपानेले संयुक्त रुपमा राख्नु भएको प्रस्ताव माननीय शुष्पा भुजेल न्यौपाने,
२. माननीय युवराज चौलागाई,
३. माननीय सृजना सैंजु

त्यसपछि बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरु तथा संशोधन प्रस्तुत कर्ता माननीय सदस्यहरुले उठाउँनु भएको प्रश्नहरुको जवाफ माननीय मुख्यमन्त्री श्री बहादुर सिहं लामा(तामाङ्ग) ले दिनुभयो।
तत्पश्चात बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलका क्रममा उठेका प्रश्नहरूको माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा (तामाङ्ग) ले दिनुभएको जवाफ सम्बन्धमा माननीय युवराज चौलागाईले सोध्नु भएको स्पष्टिकरणको जवाफ माननीय मुख्यमन्त्रीले दिनुभयो ।
त्यसपछि माननीय सभामुखले बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथि निम्नलिखित माननीय सदस्यहरूले दर्ता गराउनु भएको संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले निर्णयार्थ प्रस्तुत गर्दा बहुमतबाट अस्विकृत भयो:-

१. माननीय सुष्पा भुजेल न्यौपाने

२. माननीय युवराज चौलागाई

३. माननीय सृजना सैंजु

तत्पश्चात माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा (तामाङ्ग) ले "**माननीय प्रदेश प्रमुखले २०८२ जेठ १४ गते बुधबार बागमती प्रदेश सभाको बैठकमा गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८२/०८३ को बागमती प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम पारित गरियोस्**" भनी राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा बहुमतवाट पारित भयो।

तदन्तर सभाको अर्को बैठक मिति २०८२ साल जेठ ३० गत्ते शुक्रबार दिनको १:०० बजे बस्ने गरी यो बैठक साझको ५:४२ बजे स्थगित भयो।

(रामकुमार पौडेल)
सचिव